प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी भक्तपुरको

## वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा मुख्य परीक्षार्थी सिफारीस भइ भर्ना हुन नगई रिक्त रहन आएको छात्रवृत्ति सिटमा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरु मध्येबाट भर्ना हुन छनौट गरीएको सम्बन्धी

## अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०७४।०८।१५)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७४।०८।०५ गते गोरखापत्र दैनिकमा प्रकाशित सूचना बमोजिम निवेदन दिने प्रमाणपत्र/डिप्लोमा तहका बिभिन्न शैक्षिक कार्यक्रमको परिक्षार्थीहरुलाई डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रबृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७४ बमोजिम बर्गिकृत(निःशुल्क) छात्रबृत्तिमा मुख्य परिक्षार्थी सिफारिश भई भर्ना हुन नगई रिक्त रहन आएको छात्रबृत्ति सिटमा उत्तीर्ण सूची (Pass List) मा रहेका परीक्षार्थीहरुमध्येबाट योग्यताक्रम तथा प्राथमिकताका आधारमा रिक्त कोटाहरुमा अध्ययन गर्न शिक्षण संस्था सिफारिश गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सिफारिश गरिएको शिक्षण संस्था तथा परीक्षार्थीहरुको विवरण परिषद्को वेवसाइट www.ctevt.org.np मा प्रकाशित गरिएको छ । सिफारिश भएका परीक्षार्थीहरु परिषद्को वेवसाइटबाट नतिजा डाउनलोड गरी मिति २०७४।०८।२६ गते भित्र भर्ना भई सक्नुपर्ने भएकोले उल्लेखित म्यादभित्र भर्ना निर्देशिका २०७४ मा उल्लेख भए बमोजिम सक्कल कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु, प्रवेश परीक्षाको प्रवेश पत्र र आफ्नो बर्ग (कोटा) खुल्ने प्रमाणपत्र) लिई तोकिएको शिक्षण संस्थामा भर्ना हुन जानु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

छात्रवृत्तिमा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरुले यसै सूचनालाई आधारमानी परिषद्को वेवसाइटमा प्रकाशित विवरण अनुसारका आफ्नो शिक्षण संस्थामा सिफारिस भएका परीक्षार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको शैक्षिक योग्यता तथा आवश्यक कागजातहरु रुजु गर्ने जिम्मेवारी सम्बन्धित शिक्षण संस्थाको प्राचार्यको हुने हुंदा सो रुजु गरी तोकिएको म्याद भित्र परीक्षार्थीबाट कुनै पनि शुल्क नलिई भर्ना गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ ।

उल्लेखित म्याद भित्र परीक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन आएमा सम्बन्धित शिक्षण संस्थाले रिक्त रहेको कार्यक्रमको परीक्षार्थीको नाम थर र लक्षित वर्ग समेत उल्लेख गरी परिषद्, परीक्षा नियन्त्रण कार्यालयलाई अनिवार्य रुपमा २४ घण्टा भित्र (फ्याक्स वा इमेलमा पत्र स्क्यान गरी) लिखित जानकारी गराउनु हुन यसै सूचनाद्वारा सूचित गराइन्छ । तोकिएको मिति भित्र सम्बन्धित शिक्षण संस्थाले छात्रवृत्ति सम्बन्धी विवरणको जानकारी पेस नगरेमा भर्ना सम्बन्धी निर्देशिका २०७४ को बुंदा नं. ७.१.५ र ७.१.६ बमोजिम भैजाने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

यो सूचना परिषद्को वेव साइट www.ctevt.org.np मा समेत प्रकाशित गरिएको छ ।

**परीक्षा नियन्त्रक**

फोन न. ०१-६६३०३४२